आयोग Tayari
Current Affairs

# अन्तराष्ट्रिय समसामयिक



**२०८१ / ८२ को परीक्षा लक्षित**










**लेखन / सम्पादन**

**विष्णु प्रसाद गौतम**





# CONTENTS

**थप अध्ययन सामग्रीहरु :**

आयोग तयारी मोबाइल एप्लिकेशन र वेबसाइटमा समसामयिक अन्तर्गत निम्न अध्ययन सामाग्री उपलब्ध छन् !

(Click to download)


१. पछिल्लो बजेट र आर्थिक सर्वेक्षणका तथ्यांक
२. राष्ट्रिय अन्तराष्ट्रिय समसामयिक (Topic Wise & Month Wise)
३. १६ औं योजनाको सारांश
४. जनगणना र कृषि गणना २०७८ का तथ्यांकहरु
५. विभिन्न प्रतिवेदन / सूचकांकको नतिजा र नेपालको अवस्था


आयोग तयारी मोबाइल एप्लिकेशन यहाँबाट डाउनलोड गर्नुहोस ☞ ☞ Click To Install


Scan & Install App

4.6 ★★★★★
Reviews in Play Store

Aayog Tayari App

- Daily Current Affairs Update
- MCQ Exams
- Old Questions
- Model Questions Sets
- Loksewa News & Alerts

आयोग Tayari

aayogtayarinepal.com
9821904957

## अन्तर्राष्ट्रिय समसामयिक घटनाक्रमहरू

विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरु : कहाँ भए र कहाँ हुदैछन ? ....... 5
विभिन्न अन्तराष्ट्रिय व्यक्तित्वको निधन मिति ....... 5
अमेरिकाको क्यालिफोर्नियामा भिषण आगलागी ....... 6
तिब्बतमा ६.८ म्याग्निच्युडको भूकम्प ....... 6
सन् २०२४ बन्यो सबैभन्दा गर्मि बर्ष ....... 6
दक्षिण कोरियामा बिमान दुर्घटना ....... 6
अमेरिकी पूर्वराष्ट्रपति जिमी कार्टरको निधन ....... 6
चील (Bald eagle) बन्यो आधिकारिक रुपमा अमेरिकाको राष्ट्रिय पंछी ....... 7
भारतका पूर्वप्रधानमन्त्री मनमोहन सिंहको निधन ....... 7
काजाकस्तानमा विमान दुर्घटना ....... 7
डोनाल्ड ट्रम्प टाइम्स पर्सन अफ दि इयर २०२४ घोषित ....... 7
अक्सफोर्ड बर्ष शब्द २०२४ ....... 8
कोप २९ : बाकु फाइनान्स गोलमा सहमति ....... 8
बेइजिङ प्लस ३० को समीक्षा बैठक सम्पन्न ....... 9
डोनाल्ड ट्रम्प अमेरिकाका ४७ औं राष्ट्रपति निर्वाचित ....... 9
१६ औं ब्रिक्स सम्मेलन २०२४ ....... 9
इजराइलद्वारा हमास प्रमुख याह्या सिनवारको हत्या ....... 10
आईपीयू को १४९ औँ महासभा सम्पन्न ....... 10
इजरायलले प्राप्त गर्यो एसियाली विकास बैंकको सदस्यता ....... 10
मेक्सिकोमा पहिलो महिला राष्ट्रपति निर्वाचित ....... 11
जापानमा नयाँ प्रधामन्त्री नियुक्त ....... 11
संयुक्त राष्ट्रसङ्घको ७९औं महासभा सम्पन्न ....... 11
थाइल्याण्डले दियो समलिंगी विवाहलाई कानूनी मान्यता ....... 11
श्रीलंकामा नयाँ राष्ट्रपति र प्रधानमन्त्री नियुक्त ....... 12
स्पेस स्टेसनमा सबैभन्दा लामो समय बस्ने नयाँ किर्तिमान ....... 12
Loss & Damage कोषमा पहिलो निर्देशक नियुक्त ....... 12
जोर्डन बन्यो कुष्ठरोग उन्मुलन गर्ने विश्वकै पहिलो देश ....... 12
अल्जेरियाले New Development Bank को सदस्यता प्राप्त गरेको छ ....... 13

Aayog Tayari

भियतनाममा भयानक आँधी.....................................................................................................13
भारतले प्रक्षेपण गर्यो ब्यालेस्टिक मिसाइल अग्नि — ४ ..................................................................13
भारतीय सन्त पाइलट बाबाको निधन ...............................................................................................13
पाएटोङ्गटार्न सिनावत्रा थाइल्यान्डको प्रधानमन्त्रीमा नियुक्त भएकी छिन ........................................14
ब्राजिलको साओ पाउलोमा विमान दुर्घटना.......................................................................................14
बंगलादेशमा राजनीतिक संकट : हसिनाको राजिनामा ......................................................................14
बस्न योग्य सहरहरुको सूची २०२४ ..................................................................................................14
नेटो सम्मेलन २०२४ सम्पन्न ..............................................................................................................15
बंगलादेश बन्यो कोलम्बो सुरक्षा सम्मेलनको सदस्य ........................................................................15
सुरक्षा परिषदमा पाँच अस्थायी राष्ट्रहरु निर्वाचित.............................................................................16
सिंगापुरमा लरेन्स वोङ नयाँ प्रधानमन्त्री.............................................................................................17
युक्रेनले सार्वजनिक गर्यो विश्वकै पहिलो डिजिटल एआइ कुटनीतिज्ञ ...............................................17
सिमोन ह्यारिस बने आयरल्याण्डका सबैभन्दा कान्छा प्रधानमन्त्री.....................................................17
कंगोमा पहिलो महिला प्रधानमन्त्री नियुक्त भएकी छिन......................................................................17
पुटिन पाँचौ कार्यकालका लागि राष्ट्रपतिमा निर्वाचित.........................................................................18
प्यालेस्टाइनको प्रधानमन्त्रिमा मोहम्मद मुस्तफा नियुक्त.....................................................................18
पाकिस्तानको राष्ट्रपतिमा जर्दारी विजयी ...........................................................................................18
फिलिपिन्स बन्यो कार्यस्थलमा हुने हिंसा सम्बन्धि महासन्धि अनुमोदन गर्ने पहिलो एसियाली देश..18
निजि क्षेत्रबाट पहिलोपटक चन्द्रमामा यान अवतरण.........................................................................19
विश्वको सबैभन्दा ठूलो क्रुज पानीजहाज संचालनमा..........................................................................19
अयोध्यामा रामको मूर्तिको प्राण प्रतिष्ठा सम्पन्न ..................................................................................19
जापान बन्यो चन्द्रमामा पुग्ने पाँचौं देश................................................................................................19
असंलग्न राष्ट्रहरुको १९ औं शिखर सम्मेलन सम्पन्न .........................................................................20
अन्तरराष्ट्रिय प्रहरी संगठन (इन्टरपोल)को ९१औं महासभा सम्पन्न.....................................................21
विश्वको जनसंख्या ८ अर्ब पुगेको छ||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||| द्द
चार्लस तृतीयले औपचारिक रुपमा बेलायतको राजगद्दी सम्हालेका छन्||||||||||||||||||||||||||||||||||||||||||||||||| द्द
बेलायति महारानी एलिजावेथ द्वित्तीयको निधन |||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||| द्द
बिमिस्टेकको ५ औं सम्मेलन श्रीलंकामा सम्पन्न |||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||| द्द
बार्बाडोस बन्यो विश्वको पछिल्लो गणतान्त्रिक मुलुक |||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||| द्घ
अमेरिका, बेलायत र अस्ट्रेलियाबीच विशेष सुरक्षा सम्झौता|||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||||| द्घ

Aayog Tayari

## विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरु : कहाँ भए र कहाँ हुदैछन ?

**विभिन्न महत्त्वपूर्ण सम्मेलनहरुको बारेमा जानकारी**

| पछिल्लो सम्मेलन | आयोजना मिति | स्थान | आगामी सम्मेलन | मिति र स्थान |
|---|---|---|---|---|
| १८ औं सार्क सम्मेलन | २०१४ नोभेम्बर २६-२७ | काठमाडौं, नेपाल | १९ औं सार्क सम्मेलन | पाकिस्तान |
| ५० औं G 7 सम्मेलन | २०२४ जुन १३-१५ | फासानो अपुलिया, इटाली | ५१ औं G7 | २०२५ जुन, कानानास्कीस, क्यानाडा |
| १९ औं G 20 सम्मेलन | २०२४ नोभेम्बर १८-१९ | रियो दि जेनेरियो, ब्राजिल | २० औं G 20 | जोहान्स्बर्ग, दक्षिण अफ्रिका २२-२३ नोभेम्बर २०२५ |
| १६ औं BRICS सम्मेलन | २०२४ अक्टोबर २२-२४ | कजान, रुस | १७ औं BRICS | ब्राजिल |
| ४४ औं ASEAN समेलन | २०२४ अक्टोबर ६-११ | भेन्टियान, लाओस | ४५ औं ASEAN सम्मेलन | लाओस २०२५ |
| १९ औं NAM (असंलग्न राष्ट्रहरुको सम्मेलन) | २०२४ जनवरी १९-२० | कम्पला, युगाण्डा | २० औं NAM सम्मेलन | |
| २९ औं COP सम्मेलन | २०२४ नोभेम्बर ११-२४ | बाकु, अजरबैजान | ३० औं COP सम्मेलन | बेलेम, ब्राजिल २०२५ |
| ५ औं BIMSTEC सम्मेलन | २०२२ मार्च २८-३० | कोलम्बो श्रीलंका | छैठौं बिमिस्टेक सम्मेलन | २०२३ नोभेम्बरमा थाइल्यान्डमा हुने भनिएपनी हुन नसकेको |

## विभिन्न अन्तराष्ट्रिय व्यक्तित्वको निधन मिति

| व्यक्ति | भूमिका | निधनमिति |
|---|---|---|
| जिमी कार्टर | अमेरिकी पूर्वराष्ट्रपति | २०२४ डिसेम्बर २९ |
| मनमोहन सिंह | भारतका पूर्वप्रधानमन्त्री | २०२४ डिसेम्बर २६ |
| पाइलट बाबा (कपिल सिंह ) | सन्त | २०२४ अगस्त २० |
| एलिस मुनरो | नोबेल साहित्य पुरस्कार विजेता, २०१३ | २०२४ मे १३ |
| पिटर हिग्स | भौतिकशास्त्रमा नोबेल पुरस्कार विजेता, २०१३ (for God Particle / Higgs Boson) | २०२४ अप्रिल ८ |
| परवेज पुसर्रफ | पाकिस्तानका पुर्व राष्ट्रपति | २०२३ फेब्रुअरी ५ |
| पोप बेनेडिक्ट १६ औं | पोप | २०२२ डिसेम्बर ३१ |
| एलिजावेथ द्वितीय | बेलायतकी महारानी | २०२२ सेप्टेम्बर ८ |
| लता मंगेशकर | गायिका | २०२२ फेब्रुअरी ६ |

Aayog Tayari

| | | |
|---|---|---|
| सुन्दरलाल वहुगुणा | चिपको आन्दोलनका अभियन्ता | २०२१ मे २१ |
| राजकुमार फिलिप | बेलायति राजकुमार | २०२१ अप्रिल ९ |

## अमेरिकाको क्यालिफोर्नियामा भिषण आगलागी

**अमेरिकाको क्यालिफोर्नियामा भिषण आगलागी भएको छ**

- **कहिले ?: २०२५ जनवरी ७**
- **सान्ता आना** नामको हावाको कारण आगलागी झन् भिषण भएको थियो
- डढेलोका कारण कम्तिमा १६ जनाको ज्यान गएको छ
- डढेलोले ६० वर्ग माइलभन्दा बढी क्षेत्रफल जलेको र हजारौं मानिसहरूलाई विस्थापित गरेको अमेरिकी अधिकारीहरूले जनाएका छन्
- हालको डढेलो क्यालिफोर्नियाको इतिहासको सबैभन्दा ठूलोमध्येको एक डढेलो भनिएको छ ।

## तिब्बतमा ६.८ म्याग्निच्युडको भूकम्प

**तिब्बतमा ६.८ म्याग्निच्युडको भूकम्प गएको छ**

- **कहिले ?: २०२५ जनवरी ७ (२०८१ पुष २३) बिहान ९ः०५ बजे (स्थानीय समयअनुसार)**
- **केन्द्रविन्दु : चीनको सिजाङ स्वशासित क्षेत्रको डिङ्ग्री काउन्टी**
- **रेक्टर स्केल : ६.८ (चिनको मापन)** (अमेरिकी भूगर्भ विभागका अनुसार ७.१ रेक्टर स्केलको)
- मानवीय क्षति : १२६ जनाको निधन, ३७३ जना घाइते

## सन् २०२४ बन्यो सबैभन्दा गर्मि बर्ष

**विश्व मौसम विज्ञान संगठन (WMO) र कोपर्निकस क्लाइमेट चेन्ज सर्भिस द्वारा सार्वजनिक रिपोर्ट अनुसार,**

- पूर्व-औद्योगिक स्तरभन्दा सन् **२०२४ को तापक्रम १.६ डिग्री सेल्सियसले बढी** भएको छ,
- **सन् २०२४ को औषत तापक्रम : १५.१० डिग्री सेल्सियस**
- **हालसम्मको सबैभन्दा गर्मि दिन : २०२४ जुलाई २२ (१७.१६ डिग्री सेल्सियस)**
- सन् २०१६ **नोभेम्बर ४ देखि लागु** भएको **पेरिस सम्झौता**ले विश्वव्यापी तापक्रम वृद्धिलाई पूर्व-औद्योगिक स्तरको तुलनामा १.५ डिग्री सेल्सियस भन्दा कममा सिमित गर्ने निर्णय गरेको थियो

## दक्षिण कोरियामा बिमान दुर्घटना

- **कहिले ?: २०२४ डिसेम्बर २९ (२०८१ पुष १४)**
- **विमानको नाम : जेजु एयरको उडान नम्बर—२२१६ को बोइङ विमान**
- उडान : थाइल्यान्डको राजधानी बैंककबाट दक्षिण कोरियाको मुआन विमानस्थल
- मानवीय क्षति : १७९ जनाको मृत्यु, २ घाइते
- मृत्यु हुनेमा ८५ महिला र ८४ पुरुष छन्

## अमेरिकी पूर्वराष्ट्रपति जिमी कार्टरको निधन

Aayog Jayari

**अमेरिकी पूर्वराष्ट्रपति जिमी कार्टरको १०० बर्षको उमेरमा निधन भएको छ**

- **कहिले ?: २०२४ डिसेम्बर २९ (२०८१ पुष १४)**
- जिमी कार्टर सन् **१९७७ देखि १९८१ सम्म अमेरिकाका ३९ औं राष्ट्रपति**को कार्यभार सम्हालेका थिए
- कार्टर अमेरिकी इतिहासमा **सबैभन्दा लामो आयु जीवित रहने राष्ट्रपति** बनेका छन्
- राष्ट्रपतिको कार्यकाल पछि कार्टरले आफूलाई मानवीय र शान्ति—प्रवर्द्धन गतिविधिहरूमा समर्पित गरेर सन् **१९८२ मा कार्टर फाउन्डेसन स्थापना** गरेका थिए ।
- उनले **सन् २००२ मा नोबेल शान्ति पुरस्कार** प्राप्त गरेका थिए

## चील (Bald eagle) बन्यो आधिकारिक रुपमा अमेरिकाको राष्ट्रिय पंछी

**चील (Bald eagle) बन्यो आधिकारिक रुपमा अमेरिकाको राष्ट्रिय पंछी**

- **कहिले ?: २०२४ डिसेम्बर २४**
- यो चीलले **शक्ति, साहस, स्वतन्त्रता, र अमरता** प्रतिनिधित्व गर्दछ
- यसलाई **१७८२ देखि नै** प्रतिकको रुपमा प्रयोग गरेपनि आधिकारिक घोषणा गरिएको थिएन
- बेन्जामिन फ्र्याङ्कलिनले खराब नैतिक चरित्रको पक्षी भन्दै यसको विरोध गर्ने गरेका थिए
- सन् २०२४ डिसेम्बर २४ देखि अब आधिकारिक रुपमा चील (Bald eagle) अमेरिकाको राष्ट्रिय पंक्षी घोषित भएको छ

## भारतका पूर्वप्रधानमन्त्री मनमोहन सिंहको निधन

**भारतका पूर्वप्रधानमन्त्री मनमोहन सिंहको ९२ बर्षको उमेरमा निधन भएको छ**

- **कहिले ?: २०२४ डिसेम्बर २६ (२०८१ पुष ११)**
- जन्म मिति : १९३२ सेप्टेम्बर २६
- मनमोहन सिंहले **सन् २००४ देखि २०१४ सम्म दुई कार्यकाल भारतको प्रधानमन्त्री** भएका थिए
- मनमोहन सिंहनै प्रधानमन्त्री भएकै बेला नेपालका प्रमुख दल र तत्कालीन विद्रोही माओवादीबीच नयाँ दिल्लीमा १२ बुँदे सम्झौता भएको थियो

## काजाकस्तानमा विमान दुर्घटना

**काजाकस्तानमा विमान दुर्घटना हुँदा ३८ जनाको मृत्यु भएको छ**

- **कहिले ?: २०२४ डिसेम्बर २५**
- **दुर्घटनामा परेको जहाज : Azerbaijan Airlines** flight J2-8243
- जहाज **काजाकस्तानको अक्ताउ क्षेत्र** नजिकै दुर्घटनामा परेको हो
- यो जहाज दुर्घटनामा रुसको हात हुन सक्ने भन्दै अनुसन्धान जारी राखिएको छ

## डोनाल्ड ट्रम्प टाइम्स पर्सन अफ दि इयर २०२४ घोषित

**टाइम्स पर्सन अफ दि इयर २०२४ : डोनाल्ड ट्रम्प**

- कहिले ?: २०२४ डिसेम्बर १२

Aayog Tayari

- घोषणा गर्ने : टाइम्स पत्रिका
- **घोषित हुने :** **डोनाल्ड ट्रम्प (अमरिकाका नवनिर्वाचित राष्ट्रपति)**
- सन् २०२३ को Times Person of the year गायिका टेलर स्विफ्ट घोषित भएकी थिइन्
- डोनाल्ड ट्रम्प सन् २०१६ मा समेत Times Person of the year घोषित भएका थिए
- टाइमले सन् १९२७ देखि 'वर्ष व्यक्ति' घोषणा गर्न थालेको हो ।

### २०२४ का अन्य विजेताहरु :

- CEO अफ द इयर : लिसा सु
- कम्युनिटी अफ द इयर : कृषिका मानिसहरु
- एथलिट अफ द इयर :केटलिन क्लार्क (अमेरिकी बास्केटबल खेलाडी)
- आइकन अफ द इयर : एल्टन जोन (ब्रिटिश गायक)
- किड अफ द इयर : हेमन बेकेले (अमेरिकी बैज्ञानिक)

## अक्सफोर्ड बर्ष शब्द २०२४

### Oxford Word of the Year 2024 : Brain Rot

- शब्दको अर्थ : **Brain Rot** ले **निम्न-गुणस्तरको डिजिटल सामग्री** र त्यस्ता सामग्री उपभोग गर्दा उत्पन्न हुने संज्ञानात्मक र भावनात्मक अवस्थालाई जनाउँदछ
- यो शब्दले डिजिटल युगको मानसिक स्वास्थ्य र सामग्रीको गुणस्तर सम्बन्धि बहसलाई प्रतिबिम्बित गर्दछ
- शब्द घोषणा गर्ने निकाय : अक्सफोर्ड विश्वविद्यालय प्रेस
- Brain Rot शब्द सर्वप्रथम हेनरी डेभिड थोरोले सन् १८५४ मा प्रयोग गरेका थिए

## कोप २९ : बाकु फाइनान्स गोलमा सहमति

### २९ औं कोप (COP) सम्मेलन २०२४ सम्पन्न भएको छ

- **सम्मेलन मिति :** **11 November – 22 November 2024**
- **आयोजक :** **अजरबैजान**
- **आयोजना स्थल :** **बाकु**
- **अध्यक्षता :** **मुख्तार बाबेव**
- **सम्मेलनको नारा :** **"In Solidarity for a Green World'**
- **नेपालबाट सहभागी :** **राष्ट्रपति रामचन्द्र पौडेल**
- नेपालको चासो र प्राथमिकता : जलवायु न्याय र क्षतिपूर्तिको लागि पहल
- २८ औं सम्मेलन : युएईको एक्स्पो सिटि (२०२३)
- ३० औं सम्मेलन : ब्राजिलको बेलम (२०२५)

### नेपालद्वारा सगरमाथा संवाद संचालन

- सत्रको नाम : 'माउण्टेन इन पेरिल, एड्रेसिङ लस एण्ड ड्यामेज इन द हिमालय÷
- कहिले ? : २०२४ नोभेम्बर १३ (२०८१ कार्तिक २८)
- अध्यक्षता : राष्ट्रपति रामचन्द्र पौडेल

- सम्मेलनका क्रममा नेपालले आफ्ना एजेण्डामाथि विश्वको ध्यानाकर्षण गराउन बेग्लै उच्चस्तरीय सत्र सञ्चालन गरेको हो

**उपलब्धि :**

- **बाकु फाइनान्स गोल** मा सहमति
- धनी देशहरूले विकासशील देशहरूलाई जलवायु परिवर्तनको तयारी र त्यसको सामना गर्नका लागि वार्षिक **३०० बिलियन अमेरिकी डलर सहयोग गर्ने**
- सन् २०३५ सम्म जलवायु वित्तका रूपमा १.३ ट्रिलियन अमेरिकी डलर परिचालन गरिने पनि धनी राष्ट्रहरूले प्रतिबद्धता जनाएका छन्

## बेइजिङ प्लस ३० को समीक्षा बैठक सम्पन्न

**बेइजिङ प्लस ३० को समीक्षा बैठक सम्पन्न भएको छ**

- **कहाँ ?:** **बैंकक, थाइल्याण्ड**
- **कहिले ?:** **२०२४ नोभेम्बर १९ देखि २१** (२०८१ मंसिर ४ देखि ७ सम्म)
- न् १९९५ मा भएको चौथो विश्व महिला सम्मेलनले जारी गरेको बेइजिङ घोषणापत्र र कार्ययोजना बेइजिङ प्लाटफर्म फर एक्सनको ३० वर्षको एसिया–प्रशान्त क्षेत्रीय समीक्षा गरिएको हो
- सम्मेलनमा नेपालको तर्फबाट महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका सहसचिव आभा श्रेष्ठ कर्णसहित संयुक्त राष्ट्र संघीय निकाय, यूएन वुमन नेपाल प्रतिनिधि प्याट्रिसिया फर्नान्डेज पाचेकोलगायत विभिन्न नागरिक समाज र युवाहरुको प्रतिनिधित्व रहेको

## डोनाल्ड ट्रम्प अमेरिकाका ४७ औं राष्ट्रपति निर्वाचित

**डोनाल्ड ट्रम्प अमेरिकाका ४७ औं राष्ट्रपति निर्वाचित भएका छन्**

- कहिले ?: **२०२४ नोभेम्बर ५**
- विजयी उम्मेदवार : **डोनाल्ड ट्रम्प (रिपब्लिकन पार्टी)**
- निकटतम प्रतिद्वन्दी : **कमला ह्यारिस (डेमोक्रेटिक पार्टी)**
- **ट्रम्पले ३१२ इलेक्टोरल भोट** प्राप्त गरे भने **कमला ह्यारिसले २२६ इलेक्टोरल भोट**मात्र प्राप्त गरिन
- कुल **५३८** इलेक्टोरल भोट मध्ये जितको लागि २७० इलेक्टोरल भोट आवश्यक पर्दछ
- ट्रम्प यस अघि 2017 देखि 2021 सम्म अमेरिकाको राष्ट्रपति रहिसकेका थिए
- आगामी **२०२५ जनवरी १०** बाट ट्रम्पले आफ्नो कार्यभार सम्हाल्नेछन्

## १६ औं ब्रिक्स सम्मेलन २०२४

**१६ औं ब्रिक्स सम्मेलन २०२४ सम्पन्न**

- कहिले ?: **२२ अक्टोबर २०२४ देखि २४ अक्टोबर २०२४**
- **आयोजक देश :** **रुस (काजान)**
- **नारा :** **"Strengthening Multilateralism for Fair Global Development and Security."**
- **अध्यक्षता :** **भ्लादिमिर पुटिन**
- ब्रिक्सको स्थापना : **१६ जुन २००९**

Aayog Tayari

- **संस्थापक सदस्य : भारत,चिन , ब्राजिल र रुस**
- सन् **२०१० मा रुस थप** भइ BRICS नामाकरण
- **हाल सदस्य संख्या : ९**
- सन् २०२४ जनवरी १ बाट थपिएका सदस्य : **इजिप्ट, इथियोपिया, इरान र युएई (संयुक्त अरब इमिरेट्स)**
- ब्रिक्स देशले स्थापना गरेको बैंक लाई New Development Bank (Brics Bank) भनिन्छ, यसको कार्यालय चीनको सांघाईमा रहेको छ
- **१५ औं सम्मेलन** : सन् २०२३ मा **दक्षिण अफ्रिकामा** आयोजना गरिएको
- **१७ औं सम्मेलन** : सन् २०२५ मा **ब्राजिलमा** आयोजना हुनेछ
- ब्रिक्स देशले विकास गरेको भुक्तानी प्रणालीलाई **BRICS Pay (ब्रिक्स पे)** भनिन्छ

## इजराइलद्वारा हमास प्रमुख याह्या सिनवारको हत्या

**इजराइलद्वारा हमास प्रमुख याह्या सिनवारको हत्या**

- **कहिले ? : १७ अक्टोबर २०२४**
- इजरायल, अमेरिका र युकेले उनी **७ अक्टोबर २०२३ मा दक्षिणी इजरायलमा गरिएको आक्रमण**को मुख्य योजनाकार भएको बताउँदै आएका थिए
- गत जुलाई ३१ मा इरानको तेहरानमा इस्माइल हानिया मारिएपछि सिनवारले हमासको नेतृत्व गर्दै आएका थिए ।
- सिनवारले १९८८ देखि २०११ सम्म गरी २२ वर्ष इजरायली जेलमा बिताएका थिए ।

## आईपीयू को १४९ औं महासभा सम्पन्न

**अन्तरव्यवस्थापिका संघ (आईपीयू) को १४९ औं महासभा सम्पन्न भएको छ**

- **कहिले ? : १३-१७ अक्टोबर २०२४**
- **आयोजना स्थल : जेनेभा स्विजरल्याण्ड**
- नेपालबाट सहभागी : राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहाल नेतृत्वको नेपाली संसदीय प्रतिनिधिमण्डल
- अध्यक्ष दाहालले 'शान्तिपूर्ण र दिगो भविष्यको लागि विज्ञान, प्रविधि र नवप्रवर्तनको सदुपयोग' विषयमा नेपालको तर्फबाट सम्बोधन गरेका थिए

### IPU के हो ?

- IPU विश्वका देशहरुका व्यवस्थापिकाको संघ हो
- **स्थापना : 1889**
- प्रधान कार्यालय : जेनेभा स्विजरल्याण्ड
- हाल सदस्य : १८० देश
- संस्थाको नारा : For Democracy. For People

## इजरायलले प्राप्त गर्यो एसियाली विकास बैंकको सदस्यता

**इजरायलले एसियाली विकास बैंकको सदस्यता प्राप्त गरेको छ**

- **कहिले ? : २०२४ सेप्टेम्बर २७**

Aayog Tayari

- इजरायल ADB को **६९ औं सदस्य** बनेको हो
- इजरायल Non Regional राष्ट्र अन्तर्गतको २० औं सदस्य राष्ट्र बनेको छ

**ADB बारे जानकारी :**

- स्थापना : १९६६ डिसेम्बर १९
- प्रधान कार्यालय : मनिला, फिलिपिन्स
- सदस्य देश : ६९ (इजरायल सहित)
- हालका प्रमुख : Masatsugu Asakawa (जापान)

## मेक्सिकोमा पहिलो महिला राष्ट्रपति निर्वाचित

- **कहिले ?**: **१ अक्टोबर २०२४**
- **को ?**: **क्लाउडिया शेनबौम (Claudia Sheinbaum)**
- उनले सन् २०१८ देखि सन् २०२३ सम्म सरकार प्रमुखको समेत जिम्मेवारी सम्हालेकी थिइन्
- उनि मेक्सिकोकी ६६ औं र पहिलको महिला राष्ट्रपति नियुक्त भएकी हुन्

## जापानमा नयाँ प्रधामन्त्री नियुक्त

**जापानमा नयाँ प्रधामन्त्री नियुक्त भएका छन्**

- **कहिले ?**: **२०२४ अक्टोबर १**
- **को ?**: **शिगेरु इसिबा (Shigeru Ishiba)**
- यस अघि २०२४ सेप्टेम्बर २७ मा शिगेरु लिबरल डेमोक्रेटिक पार्टीको चुनाव जितेका थिए
- त्यस अघि फुमियो किशिदा जापानका प्रधानमन्त्री रहेका थिए

## संयुक्त राष्ट्रसङ्घको ७९औं महासभा सम्पन्न

- सुरु मिति: **२०२४ सेप्टेम्बर १०**
- **सम्पन्न मिति** : **३० सेप्टेम्बर २०२४**
- **अध्यक्षता** : **फिलेमन याङ (क्यामरुन)**
- स्थान : **न्युयोर्क, अमेरिका**
- महासभाको नारा : **'Unity and diversity for advancing peace, sustainable development and human dignity, everywhere and for all'.**
- नेपालको तर्फबाट प्रधानमन्त्री केपी शर्मा ओलीले असोज १० (सेप्टेम्बर २६) मा महासभालाई सम्बोधन गरेका

## थाइल्याण्डले दियो समलिंगी विवाहलाई कानूनी मान्यता

**थाइल्याण्डले समलिंगी विवाहलाई कानूनी मान्यता दिएको छ**

- थाइल्याण्डमा समलिंगी विवाहलाई मान्यता दिने कानून स्वीकृत गरिएको छ
- यो कानून २०२५ जनवरी बाट लागु हुनेछ
- समलिंगी विवाहलाई मान्यता दिने **थाइल्याण्ड तेस्रो एसियाली मुलुक बनेको** छ

Aayog Tayari

- पहिलो एसियाली मुलुक **भियतनाम (सन् २०१९) र दोस्रो नेपाल (२०८० मङ्सिर १३)** रहेका छन्
- समलिंगी विवाहलाई कानूनी मान्यता दिने विश्वको **पहिलो देश नेदरल्याण्ड** हो (सन् २००१)

## श्रीलंकामा नयाँ राष्ट्रपति र प्रधानमन्त्री नियुक्त

**श्रीलंकामा नयाँ राष्ट्रपति निर्वाचित र प्रधानमन्त्री नियुक्त भएका छन्**

- **राष्ट्रपति :**
  - **नाम :** **अनुरा कुमार दासानायके**
  - **नियुक्ती : २०२४ सेप्टेम्बर २३**
  - **राष्ट्रपतिको कार्यकाल ५ बर्षको हुन्छ**
- **प्रधानमन्त्री :**
  - **नाम :** **हरिणी अमरसूर्या**
  - **नियुक्ती : २०२४ सेप्टेम्बर २४**
  - हिरिणी श्रीलंकाको १६ औं प्रधानमन्त्री र **तेस्रो महिला प्रधानमन्त्री** बनेकी हुन्

## स्पेस स्टेसनमा सबैभन्दा लामो समय बस्ने नयाँ किर्तिमान

**स्पेस स्टेसनमा सबैभन्दा लामो समय बस्ने नयाँ किर्तिमान बनेको छ**

- **किर्तिमान बनाउने :** **ओलेग कोनोनेन्को र निकोलाई चुबले (रुसी अन्तरिक्षयात्री)**
- उनीहरुले **३७४ दिन International Space Station (ISS) मा बिताएका** छन्
- उनीहरु १५ सेप्टेम्बर २०२३ मा ISS मा गएका थिए भने २३ सेप्टेम्बर २०२४ मा पृथ्वीमा फर्किएका छन्
- यस अघि यो रेकर्ड सर्गेई प्रोकोपेभ, दिमित्री पेटेलिन र फ्रान्सिस्को रुबियो को नाममा रहेको थियो (३७० दिन)

## Loss & Damage कोषमा पहिलो निर्देशक नियुक्त

- नियुक्त निर्देशक : **इब्राहिमा चेख डिओङ (सेनेगल)**
- कार्यकाल : ४ बर्षको (२०२४ नोभेम्बर १ बाट सुरु)
- कोषको प्रधान कार्यालय : **फिलिपिन्स**
- यो कोष इजिप्टमा भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र संघको फ्रेमवर्क कन्भेन्सन २०२२ **(कोप २७) का दौरान ल्याइएको** थियो
- यसमा विकसित देशले (ग्रिनहाउस ग्यास उत्सर्जनकर्ता) अन्य देश (न्यून ग्रिनहाउस ग्यास उत्सर्जनकर्ता) लाई जलवायु जन्य जोखिमको लागि रकम उपलब्ध गराउने अवधारणा रहेको छ
- दुबइ मा भएको कोप २८ को दौरान उक्त कोषमा **८०० मिलियन अमेरिकी डलर रकम** विभिन्न देशले प्रतिवद्दता गरेका थिए
- निर्देशक नियुक्ती भए संगै उक्त कोषको रकम वितरण हुने अपेक्षा गरिएको छ
- जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र संघको फ्रेमवर्क कन्भेन्सन २०२४ **(कोप २९) नोभेम्बर ११ देखि नोभेम्बर २२ सम्म अजरबैजानको बाकुमा आयोजना** हुदैछ

## जोर्डन बन्यो कुष्ठरोग उन्मुलन गर्ने विश्वकै पहिलो देश

**जोर्डन बन्यो कुष्ठरोग उन्मुलन गर्ने विश्वकै पहिलो देश**



AayogTayari

- **कहिले ?: १९ सेप्टेम्बर २०२४**
- विश्व स्वास्थ्य संगठनले जोर्डनलाई आधिकारिक रुपमा कुष्ठरोग उन्मुलन गरेको प्रमाणपत्र प्रदान गरेको छ
- यसरी कुष्ठरोग उन्मुलन गर्ने **जोर्डन विश्वकै पहिलो देश बनेको** छ
- विश्व कुष्ठरोग दिवस प्रत्येक वर्ष **जनवरी महिनाको अन्तिम आइतबार** विश्वभर मनाइन्छ
- कुष्ठरोग **माइकोब्याक्टेरियम लेप्रे** नामक शुष्म किटाणुको कारणले हुने दीर्घकालीन संक्रामक रोग हो।
- नेपालले **सन् २०३० सम्ममा कुष्ठरोग उन्मूलनको लक्ष्य** राखेको छ
- नेपालमा आर्थिक वर्ष २०७८/७९ मा कुल २२८५ नयाँ कुष्ठरोगी फेला परेका थिए

## अल्जेरियाले New Development Bank को सदस्यता प्राप्त गरेको छ

- **कहिले ?: २०२४ अगस्त ३१**
- यो संगै NDB मा सदस्य देशको संख्या ९ पुगेको छ
- NDB ब्रिक्स देशहरुले स्थापना गरेको बैंक हो
- **प्रधान कार्यालय : सांघाई, चिन**
- **हाल NDB प्रमुख : डिलमा रुसेल्फ (ब्राजिलकी, बैंककी पहिलो महिला प्रमुख)**
- **सदस्यहरु : अल्जेरिया, बंगलादेश, ब्राजिल, चीन, इजिप्ट, भारत, रुस, दक्षिण अफ्रिका, युएई**
- **स्थापना : सन् २०१५**
- **पुरानो नाम : ब्रिक्स बैंक**

## भियतनाममा भयानक आँधी

**भियतनाममा भयानक आँधी आएको छ**

- **कहिले ?: २०२४ सेप्टेम्बर ८**
- आंधीको नाम : **यागी (Yagi)**
- **विकसित समुद्र : South China Sea**
- उक्त आंधीका कारण भियतनाममा मात्रै ८२ जना भन्दा बढी मानिसको ज्यान गएको छ

## भारतले प्रक्षेपण गर्यो ब्यालेस्टिक मिसाइल अग्नि — ४

**भारतले प्रक्षेपण गर्यो ब्यालेस्टिक मिसाइल अग्नि—४**

- **कहिले ?: २०२४ सेप्टेम्बर ६**
- मध्यम दूरीको **ब्यालेस्टिक मिसाइल अग्नि—४** ओडिशाको चण्डीपुरबाट सफलतापूर्वक प्रक्षेपण गरिएको छ ।
- अग्नि—४ मिसाइलको दायरा चार हजार किलोमिटर भन्दा धेरै रहेको छ ।
- यो भारतको परमाणु प्रतिरोध कार्यक्रमको एउटा हिस्सा हो ।
- भारतले यसैवर्ष गएको अप्रिल चार तारिखमा ओडिशाको तटमा रहेको अब्दुल कलाम टापुबाट एक हजारदेखि दुई हजार किलोमिटरसम्म मार हान्न सक्ने नयाँ पुस्ताको अग्नि—प्राइम ब्यालेस्टिक मिसाइल पनि सफलतापूर्वक प्रक्षेपण गरेको थियो ।

## भारतीय सन्त पाइलट बाबाको निधन



Aayog Tayari

### भारतीय सन्त पाइलट बाबाको निधन भएको छ

- **कहिले ?:** **२०२४ अगस्त २०**
- पाइलट बाबाले भक्तपुरको सूर्यविनायक नगरपालिकास्थित घ्याम्पेडाँडामा पाइलट बाबा आश्रम बनाएका छन् ।
- **उनको वास्तविक नाम :** **कपिल सिंह**
- भारतीय वायुयान सेवामा पाइलट रहेकाले उनलाई पाइलट बाबा भनिएको हो
- मकवानपुरको त्रिखण्डीमा हरि गिरी महाराज नाम गरेका नेपाली सन्तसँग उनले सन् १९७४ मा दीक्षा लिएर उनि सन्त बनेका थिए

## पाएटोङ्गटार्न सिनावत्रा थाइल्यान्डको प्रधानमन्त्रीमा नियुक्त भएकी छिन

- **कहिले ?:** **१६ अगस्त २०२४**
- ३७ वर्षीय सिनावत्रा **थाइल्याण्डकी सबैभन्दा कान्छी र दोस्रो महिला प्रधामन्त्री** बनेकी छिन
- पूर्वप्रधानमन्त्री सेटा टवीसिनलाई संवैधानिक अदालतले बर्खास्त गरेको भोलिपल्ट सिनावत्रा प्रधानमन्त्री बनेकी हुन् ।
- उनि थाइल्यान्डका पूर्वनेता तथा अर्बपति **थाक्सिन सिनावत्राकी छोरी** हुन् ।

## ब्राजिलको साओ पाउलोमा विमान दुर्घटना

### भोपस एयरलाइन्सको ATR 72 विमान दुर्घटना भएको

- **कहिले ?:** **२०२४ अगस्त ९**
- परानाको कास्केभेलबाट साओ पाउलो शहरको ग्वारुल्होस विमानस्थलमा उडिरहेको विमान भिन्हेडो शहरमा खसेको हो।
- दुर्घटनामा सबै ६१ जनाको निधन भएको छ

## बंगलादेशमा राजनीतिक संकट : हसिनाको राजिनामा

### युनुस बने अन्तरिम सरकार प्रमुख

- बंगलादेशमा आरक्षण विरोधी विद्यार्थी आन्दोलनले अन्तत राजनीतिक परिवर्तन गरेको छ
- **शेख हसिना द्वारा राजिनामा :** **५ अगस्त २०२४ (२०८१ श्रावण २१)**
- अन्तरिम सरकार प्रमुखमा **नोबेल शान्ति पुरस्कार विजेता प्रोफेसर मोहम्मद युनुस नियुक्त**
- **नियुक्ती मिति :** **७ अगस्त २०२४ (सपथ ९ अगस्त २०२४)**
- युनुस नेतृत्वको १७ सदस्यीय अन्तरिम सरकारमा आरक्षणविरोधी आन्दोलनको नेतृत्व गर्ने दुई जना विद्यार्थी नेता नासिद इस्लाम र आसिफ महमुद पनि रहेका छन्

## बस्न योग्य सहरहरुको सूची २०२४

### बस्न योग्य सहरहरुको सूची २०२४ सार्वजनिक भएको छ

- **कहिले ?:** सन् २०२४ जुलाई २४
- सूची प्रकाशित गर्ने निकाय : इकोनोमिस्ट इन्टेलिजेन्स युनिट
- **प्रतिवेदनको नाम : The global liveability index 2024**

Aayog Tayari

- विश्वका १७३ शहरलाई समेटेर सूची प्रकाशित गरिएको हो,
- यो सूचीमा नेपालका कुनै शहर समाबेश गरिएको छैन

**बस्न योग्य शिर्ष ५ शहर :**

1. भियना, अष्ट्रिया
2. कोपनहेगन, डेनमार्क
3. ज्युरीच, स्विजरल्याण्ड
4. मेलबर्न, अष्ट्रेलिया
5. क्यालग्रे, क्यानाडा

**बस्न अयोग्य शहरहरु :**

- १७३ औं : दमास्कस, सिरिया
- १७२ औं : ट्रिपोली, लिबिया
- १७१ औं : अल्जियर्स, अल्जेरिया
- १७० औं : लागोस, नाइजेरिया
- १६९ औं : कराची, पाकिस्तान

## नेटो सम्मेलन २०२४ सम्पन्न

**नेटोको ३३ औं सम्मेलन सम्पन्न भएको छ :**

- **कहिले ? : २०२४ जुलाई ९-११**
- **आयोजना स्थल : वासिंगटन डी.सी., अमेरिका**
- **नेटो सदस्य संख्या : ३२**
- **नेटोको स्थापना : ४ अप्रिल १९४९**
- **नेटोको पछिल्लो सदस्य : स्विडेन(७ मार्च २०२४)**
- यो सम्मेलन नेटो स्थापनाको ७५ औं बर्ष पुगेको उपलक्षमा आयोजना गरिएको थियो
- २०२४ सम्मेलनको उपलब्धि : सैन्य गठबन्धन र रूसको आक्रमणको बीचमा युक्रेनलाई दीर्घकालीन समर्थनको लागि प्रतिबद्धता जनाएका

## बंगलादेश बन्यो कोलम्बो सुरक्षा सम्मेलनको सदस्य

- **कहिले ? : २०२४ जुन १०**
- Colombo Security Conclave (CSC) को **स्थापना सन् २०११ मा** भएको थियो
- **सदस्यहरु : भारत, श्रीलंका, माल्दिभ्स, मौरिसस र बंगलादेश**

**उद्देश्य : CSC अन्तर्गत सहयोग पाँच स्तम्भहरूमा केन्द्रित छ।**

- समुद्री सुरक्षा र सुरक्षा।
- आतंकवाद र कट्टरपन्थी को प्रतिरोध।
- बेचबिखन र अन्तर्राष्ट्रिय संगठित अपराध विरुद्ध लड्न।

Aayog Tayari

- साइबर सुरक्षा र महत्वपूर्ण पूर्वाधार र प्रविधिको संरक्षण।
- मानवीय सहायता र प्रकोप राहत।

## सुरक्षा परिषदमा पाँच अस्थायी राष्ट्रहरु निर्वाचित

- **निर्वाचन मिति :** २०२४ जुन ६
- २०२५ जनवरी देखि २०२६ डिसेम्बरको कार्यकालको लागि नयाँ देशहरु निर्वाचित भएका हुन्
- कुल **१५** सदस्यीय सुरक्षा परिसदमा **५ स्थयी र १० अस्थायी** सदस्य रहन्छन
- अस्थायी सदस्य राष्ट्रको कार्यकाल **२ बर्षको** रहन्छ

### निर्वाचित देशहरु (२०२५-२०२६ को लागि)

- सोमालिया
- पाकिस्तान
- पानामा
- ग्रिस
- डेनमार्क

### २०२४ डिसेम्बरमा कार्यकाल सकिने देशहरु :

- इक्वेडर
- जापान
- माल्टा
- मोजाम्बिक
- स्विजरल्याण्ड

### २०२५ डिसेम्बरमा कार्यकाल सकिने देशहरु :

- अल्जेरिया
- गुयना
- दक्षिण कोरिया
- सियरालियोन
- स्लोभानिया

### सुरक्षा परिषदका स्थायी सदस्य राष्ट्रहरु :

- संयुक्त राज्य अमेरिका
- बेलायत
- रुस
- चीन
- फ्रान्स

Aayog Tayari

## एड ड्वाइट अन्तरिक्षमा पुग्ने सबैभन्दा वृद्ध व्यक्ति बनेका छन्

- **कहिले ?: २०२४ मे १९**
- एड ड्वाइट **९० बर्षको उमेरमा** जेफ बेजोसको कम्पनी ब्लू ओरिजिन मार्फत अन्तरिक्षमा पुगेका हुन्
- उनि **अन्तरिक्षमा पुग्ने पहिलो अश्वेत व्यक्ति** समेत बनेका छन्
- उनि ६० बर्ष अघि नासामार्फत अन्तरिक्ष यात्रीको रुपमा सिफारिसमा परेका थिए

## सिंगापुरमा लरेन्स वोङ नयाँ प्रधानमन्त्री

**कहिले ?: २०२४ मे १५**

- **नव नियुक्त प्रधानमन्त्री : लरेन्स वोङ**
- ७२ वर्षीय ली सिन लुङले करिब २० वर्षपछि पद छाडेपछि लुङले प्रधानमन्त्रीको कार्यभार सम्हालेका हुन् ।
- लरेन्स वोङ **सिंगापुरका चौथो प्रधानमन्त्री** हुन् ।
- त्यस्तै उनी सिंगापुर स्वतन्त्र भएपछि जन्मिएका व्यक्तिबाट प्रधानमन्त्री हुने पनि पहिलो हुन् ।
- वोङ सन् १९७२ मा जन्मिएका हुन् भने **सिंगापुर सन् १९६५ मा स्वतन्त्र भएको** थियो ।
- करिब ६० लाख जनसंख्या भएको सिंगापुरको जीडीपी(कुल ग्राहस्थ उत्पादन) करिब ५२५ बिलियन अमेरिकी डलर रहेको छ भने **प्रतिव्यक्ति आम्दानी करिब ८८ हजार अमेरिकी डलर** । सिंगापुरको **बेरोजगारी दर १.९ प्रतिशत** रहेको छ ।

## युक्रेनले सार्वजनिक गर्यो विश्वकै पहिलो डिजिटल एआइ कुटनीतिज्ञ

- **कहिले ?: २०२४ मे १**
- **AI प्रवक्ताको नाम : भिक्टोरिया सी (Victoria Shi)**
- युक्रेनको **परराष्ट्र मन्त्रालयले** आफ्ना आधिकारिक जानकारी सार्वजनिक गर्न डिजिटल प्रवक्ता तयार गरेको हो, जसले मानिसले जस्तै सुचना प्रवाह गर्न सक्दछ

## सिमोन ह्यारिस बने आयरल्याण्डका सबैभन्दा कान्छा प्रधानमन्त्री

**३७ बर्षे सिमोन ह्यारिस बने आयरल्याण्डका सबैभन्दा कान्छा प्रधानमन्त्री**

- **कहिले ?: ९ अप्रील २०२४**
- **नवनिर्वाचित प्रधानमन्त्री : सिमोन ह्यारिस**
- **राजनितिक दल : Fine Gael**
- सिमोन १६ वर्षको उमेरमा दलको युवा शाखामा सामेल भए, २२ वर्षको उमेरमा काउन्टी काउन्सिलर बने भने २४ वर्षको उमेरमा संसदमा प्रवेश गरे , त्यसैले उनलाई " बेबी अफ द डेल" उपनाम दिइएको छ ।

## कंगोमा पहिलो महिला प्रधानमन्त्री नियुक्त भएकी छिन

- **कहिले ?: २०२४ अप्रील १**
- **नाम : जुडिथ सुमिन्वा तुलुका**
- राजनितिक दल : Union for Democracy and Social Progress



Aayog Tayari

कंगोको बारेमा जानकारी :

- राजधानी: किन्शासा;
- आधिकारिक भाषा: फ्रान्सेली;
- मुद्रा: कंगोली फ्रैंक
- प्रजातान्त्रिक गणतन्त्र कंगोका राष्ट्रपति: फेलिक्स शिसेकेडी

## पुटिन पाँचौ कार्यकालका लागि राष्ट्रपतिमा निर्वाचित

- निर्वाचन मिति : २०२४ मार्च १५-१७
- **विजयी : भ्लादिमिर पुटिन**
- प्राप्त मत : ८८.४८ प्रतिशत
- **पुटिनको राजनीतिक दल : स्वतन्त्र**
- **पुटिनका प्रतिद्वन्दी : निकोलाई खरित्नोभ**
- पुटिन **पाँचौ कार्यकालका लागि राष्ट्रपतिमा निर्वाचित** भएका हुन्

## प्यालेस्टाइनको प्रधानमन्त्रिमा मोहम्मद मुस्तफा नियुक्त

- **कहिले ? : २०२४ मार्च १४**
- नव नियुक्त प्रधामन्त्री : **मोहम्मद मुस्तफा**
- मुस्तफा एक अर्थशास्त्री तथा पूर्व अर्थमन्त्रि समेत हुन्
- **राष्ट्रपति मोहम्मद अब्बास**ले उनलाई प्रधामन्त्री नियुक्त गरेका हुन्

## पाकिस्तानको राष्ट्रपतिमा जर्दारी विजयी

- **कहिले ? : २०२४ मार्च ९**
- **नव निर्वाचित राष्ट्रपति : आसिफ अली जर्दारी**
- उनि पाकिस्तानको **१४ औं राष्ट्रपति** भएका छन्
- राष्ट्रपतीय निर्वाचनमा उनले ४११ मत प्राप्त गरे,
- जर्दारीले २००८ देखि २०१३ सम्म देशको ११ औं राष्ट्रपतिको रूपमा काम गरिसकेका छन्
- जर्दारी पूर्वप्रधानमन्त्री बेनजिर भुट्टोका श्रीमान् हुन् ।

## फिलिपिन्स बन्यो कार्यस्थलमा हुने हिंसा सम्बन्धि महासन्धि अनुमोदन गर्ने पहिलो एसियाली देश

- **कहिले ? : २० फेब्रुअरी २०२४**
- अभिसन्धिको नाम : **Violence and Harassment Convention 2019 (No. 190)**
- यो महासन्धि : हाल सम्म **३७ देशले अनुमोदन गरेका** छन्
- **अभिसन्धि जारी मिति : २१ जुन २०१९**
- अभिसन्धि लागु मिति : २५ जुन २०२१
- यो अभिसन्धि अनुमोदन गर्ने **पहिलो देश उरुग्वे** हो (१२ जुन २०२०)

Aayog Tayari

## निजि क्षेत्रबाट पहिलोपटक चन्द्रमामा यान अवतरण

- **कहिले ?** : २२ फेब्रुअरी २०२४
- **यान प्रक्षेपण गर्ने कम्पनि** : **इन्ट्युटिभ मेसिन्स (Intuitive Machines),** अमेरिका
- **ल्याण्डरको नाम** : **Odysseus**
- इन्ट्युटिभ मेसिन्सले चन्द्रमाको सतहमा अमेरिकाको आधा शताब्दीको अनुपस्थितिलाई तोडेको छ ।
- यसअघि सरकारी कम्पनीले मात्र चन्द्रमामा अन्तरिक्षयान पठाउने गरेको थियो ।

## विश्वको सबैभन्दा ठूलो क्रुज पानीजहाज संचालनमा

- कहिले ? : २७ जनवरी २०२४
- पानीजहाजको नाम : **Icon of the Seas**
- निर्माण कम्पनि : **Royal Caribbean Group**
- संचालन स्थल : **पोर्ट अफ मायामी , फ्लोरिडा**
- प्रयोग गरिएको इन्धन : liquefied natural gas (LNG)
- उक्त पानीजहाजको **लम्बाई ३६५ मिटर** छ भने त्यस भित्र २० वटा डेक रहेका छन्
- यो पानीजहाजले एकपटकमा ७६०० यात्रुलाइ सेवा दिन सक्दछ

## अयोध्यामा रामको मूर्तिको प्राण प्रतिष्ठा सम्पन्न

- कहिले ? : **2024 January 22** (२०८० माघ ८)
- प्रधानमन्त्री नरेन्द्र मोदीले पूजाआजा गरेर रामको मूर्तिको प्राण प्रतिष्ठा गरेका हुन् ।
- बाबरी मस्जिद भत्काइएको दिन : ६ डिसेम्बर १९९२
- विवादित क्षेत्र राम मन्दिरको भएको सर्वोच्च अदालतको फैसला आएको : ९ नोभेम्बर २०१९
- नरेन्द्र मोदिद्वारा राम मन्दिरको शिलन्यास : ५ अगस्त २०२०

**थप जानकारीहरु :**

- मन्दिर : सरयु नदि किनारमा
- मन्दिरका आर्किटेक्ट : चन्द्रकान्त सोमपुरा
- मूर्तिकार : अरुण योगिराज
- मन्दिरको शैली : नागरा
- मुर्तिको उचाई : ५१ इन्च
- प्राणप्रतिष्ठामा सहभागी हुने नेपाली पुजारी : दुर्गा प्रसाद गौतम

## जापान बन्यो चन्द्रमामा पुग्ने पाँचौं देश

**जापान बन्यो चन्द्रमामा पुग्ने पाँचौं देश**

- अवतरण मिति : २०२४ जनवरी २०

Aayog Tayari

- **प्रक्षेपण मिति :** **६ सेप्टेम्बर २०२३**
- **ल्याण्डरको नाम :** **Smart Lander for Investigating Moon (SLIM)**
- **चन्द्रमामा ल्याण्ड गरेको स्थान :** **शियोली क्रेटर**
- योसँगै जापान आफ्नो यानलाई **चन्द्रमाको सतहमा सफ्ट ल्यांडिङ गराउन सफल विश्वको पाँचौं देश** बनेको छ ।
- **यसअघि अमेरिका, रुस, चीन र भारत**ले यसमा सफलता प्राप्त गरिसकेका छन् ।
- उद्देश्य : चन्द्रमाको सतहमा रहेका ओलिभिन चट्टानको जाँच गर्ने, ताकि चन्द्रमाको उत्पत्तिको बारेमा पत्ता लाग्न सकोस् ।

## असंलग्न राष्ट्रहरुको १९ औं शिखर सम्मेलन सम्पन्न

- **सम्मेलन अवधि :** **२०२४ जनवरी १९-२०**
- **स्थान :** **युगान्डाको कम्पाला**
- **सम्मेलनको नारा : 'Deepening Cooperation for Shared Global Affluence'**
- नेपालबाट प्रतिनिधित्व : प्रधानमन्त्री पुष्प कमल दाहाल
- सम्मेलनमा १२० भन्दा बढी देशको प्रतिनिधित्व रहेको थियो
- यो संगै सन् २०२७ सम्म युगान्डाले NAM

**Non-Aligned Movement (NAM) :**

- स्थापना : १९६१
- असंलग्न अभियान कुनै शक्ति गुटमा नलागेका राष्ट्रहरूको समूह हो।
- यस अभियानमा हाल १२० देश सदस्य र १७ देश पर्यवेक्षक सदस्य रहेका छन्।
- भारतका पहिलो प्रधानमन्त्री जवाहरलाल नेहरू, बर्माको पहिलो प्रधानमन्त्री ऊ नू, इन्डोनेसियाको पहिलो प्रधानमन्त्री सुकार्नो, इजिप्टको दोस्रो राष्ट्रपति गमाल अब्देल नासिर, घानाको पहिलो राष्ट्रपति क्वामे क्रुमा र युगोस्लाभियाको राष्ट्रपति जोसिप ब्रोज टिटोको अगुवाइमा यो अभियान सुरू भएको थियो। **यी व्यक्तित्वलाई Big Five भएर पनि चिनिन्छ**

## संयुक्त राष्ट्र संघले घोषणा गरेका बर्षहरू :

- सन् २०२३ को लागि :
  - International Year of Millets
  - International Year of Dialogue as a Guarantee of Peace
- सन् २०२४ को लागि :
  - International Year of Camelids
- सन् २०२५ को लागि
  - International Year of Glaciers' Preservation
- सन् २०२६ को लागि
  - International Year of Rangelands and Pastoralists
- सन् २०२२ को लागि :
  - International Year of Artisanal Fisheries and Aquaculture
  - International Year of Glass
  - International Year of Basic Sciences for Sustainable Development
  - International Year of Sustainable Mountain Development

AayogTayari

## अन्तरराष्ट्रिय प्रहरी संगठन (इन्टरपोल)को ९१औं महासभा सम्पन्न

**अन्तरराष्ट्रिय प्रहरी संगठन (इन्टरपोल)को ९१औं महासभा सम्पन्न भएको छ**

- महासभा अवधि : **२०२३ नोभेम्बर १२ देखि डिसेम्बर १ सम्म**
- आयोजना स्थल : **अष्ट्रियाको भियना**
- नेपालबाट सहभागी : प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर
- महासभामा सहभागी एक सय ९६ इन्टरपोल सदस्य राष्ट्रका प्रमुखबीच विश्वलाई सुरक्षित बनाउन सहकार्य गर्नेबारेमा छलफल भएको थियो
- सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरी चुचुरोमा **नेपालको राष्ट्रिय झण्डा, इन्टरपोलको झण्डा** र नेपाल प्रहरीको झण्डा फहराउन सफल **प्रहरी वरिष्ठ नायब निरीक्षक पुरुषोत्तम नेपाली**लाई महासभामा सम्मान गरिएको थियो ।

**इन्टरपोल स्थापनाको १०० वर्ष**

- स्थापना : **सन् १९२३ सेप्टेम्बर ७**
- हाल सदस्य संख्या : **१९६**
- मुख्यालय : **लियोन, फ्रान्स**
- ९२ औं महासभा : **सन् २०२४ मा बेलायतको ग्लास्गो**
- ९३औं महासभा : **सन् २०२५ मा मोरक्कोको माराके**

## बेलायतका राजा चार्ल्स तृतीयको राज्याभिषेक

**बेलायतका राजा चार्ल्स तृतीयको राज्याभिषेक सम्पन्न**

- कहिले ? : २०२३ मे ६ (२०८० बैशाख २३)
- लन्डनको प्रसिद्ध गिर्जाघर वेस्टमिन्स्टर एबीमा राज्याभिषेक समारोहको आयोजना भएको थियो,

## कोरोनाको विश्वव्यापी स्वास्थ्य सङ्कटकाल सकिएको घोषणा

WHO ले कोरोना त्रविश्वव्यापी स्वास्थ्य सङ्कटकाल सकिएको घोषणा गरेको छ

- कहिले ? : २०२३ मे ५ (२०८० बैशाख २२)
- WHO ले ३० जनवरी २०२० मा कोरोनालाई त्रविश्वव्यापी स्वास्थ्य सङ्कटकाल घोषणा गरेको थियो

## नयाँ सार्क महासचिवमा बंगलादेशका सरवार नियुक्त

- मिति : २०२३ मार्च ५
- नयाँ महासचिव : मोहम्मद गोलाम सरवार
- यस अघिका महासचिव : एसला युराकुन (श्रीलंका)
- मोहम्मद गोलाम सरवार सार्कको १५ औं महासचिव हुन

Aayog Tayari

## विश्वको जनसंख्या ८ अर्ब पुग्यो

**विश्वको जनसंख्या ८ अर्ब पुगेको छ**

- कहिले ? : २०२२ नोभेम्बर १५
- संयुक्त राष्ट्र संघले जारी गरेको World Population Prospects 2022 रिपोर्ट अनुसार २०२२ नोभेम्बर १५ मा जनसंख्या ८ अर्ब नाघेको हो,
- यस अघि October 31, 2011 मा विश्वको जनसंख्या ७ अर्ब पुगेको थियो,

## चार्ल्स तृतीय अब बेलायतको नयाँ राष्ट्रप्रमुख

**चार्ल्स तृतीयले औपचारिक रुपमा बेलायतको राजगद्दी सम्हालेका छन्**

- कहिले ? : १० सेप्टेम्बर २०२२
- नयाँ राष्ट्रप्रमुख : चार्ल्स तृतीय
- पुरा नाम : Charles Philip Arthur George
- यस अघि बेलायतको राष्ट्र प्रमुखको रुपमा रहेकी रानी एलिजावेथ द्वित्तीयको ८ सेप्टेम्बर २०२२ मा निधन भएको थियो,
- एलिजावेथ द्वित्तीय बेलायतमा सर्वाधिक शासन गर्ने राष्ट्र प्रमुख थिइन्

## बेलायति महारानी एलिजावेथ द्वित्तीयको निधन

**बेलायति महारानी एलिजावेथ द्वित्तीयको निधन भएको छ**

- कहिले ? : ८ सेप्टेम्बर २०२२ (२३ भदौ २०७९)
- पुरा नाम : एलिजावेथ अलेक्जेन्ड्रा मेरी (Elizabeth Alexandra Mary)
- जन्म : २१ अप्रिल १९२६
- रानी एलिजावेथको ९६ बर्षको उमेरमा निधन भएको हो भने उनले बेलायतमा ७० वर्षसम्म शासन गरेकी थिइन्

## बिमिस्टेकको ५ औं सम्मेलन

**बिमिस्टेकको ५ औं सम्मेलन श्रीलंकामा सम्पन्न भएको छ**

- आयोजना मिति :३० मार्च २०२२ (२०७८ चैत्र १७ )
- सम्मेलन :५ औं सम्मेलन
- नारा MBIMSTEC M Towards the resilient region, Prosperous economies, Healthy Peoples
- अध्यक्षता :श्रीलंकाका राष्ट्रपति गोटाबाया राजापाक्ष
- सम्मेलन भन्दा अगाडी १८ औं बिमिस्टेक परराष्ट्रमन्त्री स्तरीय बैठक बसेको थियो

**सम्मेलनका उपलब्धि :**

- बिमिस्टेक वडापत्र जारी :यो सम्मेलनले पहिलोपटक बिमिस्टेकको वडापत्र जारी गरेको छ
- विभिन्न ३ सहमतिमा हस्ताक्षर :
  १. BIMSTEC Convention on Mutual Legal Assistance in Criminal Matters (आपराधिक कुराहरूमा पारस्परिक कानुनी सहायता सम्बन्धी महासन्धि)
  २. BIMSTEC MoU on Mutual Cooperation in diplomatic training (कुटनीतिक प्रशिक्षण सम्बन्धी समझदारी पत्र)
  ३. Memorandum of Assn on Establishment of BIMSTECTechnology Transfer Facility (बिमिस्टेक प्रविधि हस्तान्तरण सुविधा स्थापनाको समझदारी पत्र)
- सहयोगका क्षेत्रहरू कटौती :बिमिस्टेकको ५ औं सम्मेलनले १४ वटा सहयोगका क्षेत्रलाई ७ वटामा कायम गरेको छ, जुन यसप्रकार छन्
  १. व्यापार, लगानी र विकास (Trade, Investment and Development) : बंगलादेशको नेतृत्व
  २. वातावरण र जलवायु परिवर्तन (Environment and Climate Change) : भुटानको नेतृत्व

Aayog Tayari

३. सुरक्षा (Security) : भारतको नेतृत्व
४. कृषि र खाद्य सुरक्षा (Agriculture and Food Security) : म्यानमारको नेतृत्व
५. मानिस – मानिसबीच सम्पर्क (People to People Contact) : नेपालको नेतृत्व
६. विज्ञान, प्रविधि र नवप्रवर्तन (Science, Technology & Innovation) : श्रीलंकाको नेतृत्व
७. अन्तरआवद्धता (Connectivity) : थाइल्याण्डको नेतृत्व

हाल बिमिस्टेकका महासचिव :तेन्जिंग लाकफेल (Mr. Tenzin Lekphell) – भुटान
५ औं सम्मेलनले बिमिस्टेककोअध्यक्षता थाइल्याण्डलाई हस्तान्तरणगरेको छ

## बार्बाडोस बन्यो विश्वको पछिल्लो गणतान्त्रिक मुलुक

**बार्बाडोस बन्यो विश्वको पछिल्लो गणतान्त्रिक मुलुक बनेको छ**

- कहिले ? : ३० नोभेम्बर २०२१

## अमेरिका, बेलायत र अस्ट्रेलियाबीच विशेष सुरक्षा सम्झौता

**अमेरिका, बेलायत र अस्ट्रेलियाबीच विशेष सुरक्षा सम्झौता गरेका छन्**

- कहिले ? : १५ सेप्टेम्बर २०२१ (२०७८ भाद्र ३०)
- सम्झौताको नाम : 'ओकस'(AUKUS)

Aayog Tayari